# मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

०११:४१२१११२
०११:४१२१११३
०११:४१२१११४

काभ्रेपलाञ्चोकKavrepalanchok
३ नं प्रदेश
3 No. Province, Nepal


पत्र संख्या : ०७६।०७७
च.नं. : १६६८

मिति : २०७६। ११ ।३०

## सूचना

श्री सबै वडा कार्यालयहरु

मण्डनदेउपुर न पा

**विषय: न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७६।११।२१ चलानी नं ११४ को निर्णयानुसार आ व ०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुको २०७६ चैत्र १ देखि ३० सम्म आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराइएको अनुसूची १ अनुसारको बेरोजगार फाराम भरी सूचीकृत हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो
२ पारिवारिक विवरण फाराममा उल्लेख भए बमोजिम (नाम, जन्म मिति, नागरिकता नं र जारी जिल्ला)
३ वार्षिक आयको विवरण (परिवारका कुनै व्यक्तिले सामाजिक सुरक्षा भत्ता र अन्य सुबिधा पाए, नपाएको)।
४ निवेदक सहित परिबारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता र अनुभवको विवरण ।
५ बसाइसराइ सरेर आएको भएमा, बसाइसराइको प्रमाणपत्रको फोटोकपी

**पुनस्च** फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यहरु) समेत सबै विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ । अपुरो फाराम मान्य हुने छैन ।

२०७६।११।३०
.................................
प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत